# सावतीले सहयोग प्रभावकारिता मूल्यांकन गर्ने

कारोबार संवाददाता

काठमाडौं, ४ माघ



साउथ एसियन वाच वन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) र व्यापार तथा दिगो विकास अन्तर्राष्ट्रिय केन्द्र (आईसीटीएसडी) ले संयुक्त रूपमा व्यापारका लागि अन्तर्राष्ट्रिय सहयोग (एएफटी) को प्रभावकारिताको मूल्यांकन तथा अनुगमन गर्ने भएका छन् ।

अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका विभिन्न मुलुकमा एएफटी र यसको प्रभावकारितामाथि संयुक्त रूपमा अनुसन्धान गर्नेबारे दुई संस्थाबीच अघिल्लो वर्षको अक्टोबर महिनामा सहमति भएको थियो । अनुसन्धानका लागि नेपाललगायत अन्य ६ वटा मुलुक छनौट गरेको सावतीले जानकारी दिएको छ ।

नेपालमा मंगलबारबाट अनुसन्धान योजना कार्यान्वनमा आएको सावतीले सम्बन्धित साझेदारबीच बैठक आयोजना गरी सार्वजनिक गरेको छ । व्यापार तथा वातावरणमा केन्द्रित क्षेत्रीय 'थिंकटयांक' सावती र जेनेभास्थित आईसीटीडीले सुरु गर्न लागेको मूल्यांकन तथा अनुगमन अनुसन्धानको पद्धति निर्माणको नेतृत्व व्यापारविज्ञ रत्नाकार अधिकारीले गरेका छन ।

मूल्यांकन तथा अनुगमनको प्रतिवेदन आगामी जुलाईमा तयार हुने सावतीले बताएको छ ।

सन् २००५ मा हङकङमा आयोजित विश्व व्यापार संगठन (डब्लूटीओ) को छैटौं मन्त्रीस्तरीय बैठकबाट एएफटी अभियान सुरु भएको हो । "त्यसयता विकसित मुलुकले विकासशील तथा अल्प विकसित मुलुक (एलडीसी) को व्यापारसम्बन्धी क्षमता अभिवृद्धिमा सघाउने धेरै प्रतिबद्धता जनाए," अधिकारीले भने, "प्रतिबद्धता र तिनको कार्यान्वयनमा धेरै अन्तर छ ।"

ठूलो मात्रामा एएफटीका नाममा सहयोग आएको भए पनि त्यसको योगदान व्यापारसम्बन्धी क्षमता अभिवृद्धिमा खर्च नभएको अधिकारी बताउँछन् । डब्लूटीओको तथ्यांकअनुसार सन् २००८ मा नेपालले २३ करोड १० लाख अमेरिकी डलर (१६ अर्ब ६३ करोड २० लाख रुपैयाँ) बराबरको एएफटी प्रतिबद्धता पाएको थियो ।

"एएफटीको परिभाषा नै वृहत् छ," अधिकारीले भने, "त्यसकारण ठूलो राशी सहयोग देखिएको हो ।"

अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट (ओईसीडी) को तथ्यांकअनुसार विश्वमा वितरण हुने कुल एएफटीको ७० प्रतिशत अंश जम्मा २० वटा मुलुकमा जान्छ । यो सहयोग पाउने मध्येमा बंगलादेशमात्र एलडीसीमा पर्छ ।

बैठकमा सरकारका मुख्य सचिव माधवप्रसाद घिमिरेले विकास गर्ने नाममा व्यापारलाई ध्यान दिन नसकेको बताए । "विकासमा पनि दाताको योगदान त्यति सन्तोषजनक छैन," मुख्यसचिव घिमिरेले भने, "अन्तर्राष्ट्रिय सहयोगले सरकार तथा सार्वजनिक निकायलाई अप्रभावी बनाएको छ ।" विश्वभर सहयोगका लागि अन्तर्राष्ट्रिय दातृ निकाय तथा दाता मुलुकको प्रतिबद्धता खोजिरहेका बेला मुख्यसचिव घिमिरेले यस्तो अभिव्यक्ति दिएका हुन् ।

सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले व्यापार विकासको 'इन्जिन' भएको बताउँदै भने, "व्यापारलाई वृद्धि गर्न एउटा निश्चित वातावरणको आवश्यकता हुन्छ, त्यो तयारी गर्न एलडीसीलाई अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ ।" अर्थशास्त्री डा. विश्वम्भर प्याकुरेलले नेपालका विकास योजना धेरै महत्वाकांक्षी भएको बताए । "लगानी बिनाको महत्वाकांक्षी योजनाले मात्र विकास हुँदैन," उनले भने ।